# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८०।०१।०७

## प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा झापाका तीन जना पत्रकारमाथि प्रहरीले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ झापा शाखाका अनुसार वैशाख ६ गते बुधबार दमकस्थित ओम मेची अस्पतालमा एक सुत्केरीको मृत्युपछि उत्पन्न परिस्थितिका बारेमा समाचार संकलनका लागि अस्पताल पुगेका महासंघ झापा शाखाका कार्यसमिति सदस्य तथा नयाँ पत्रिका दैनिकका संवाददाता चिरञ्जीवी घिमिरे, सदस्यद्वय गोरखापत्र संवाददाता विष्णुप्रसाद पोखरेल तथा हिमशिखर टेलिभिजनका समाचार प्रमुख सुदीप अधिकारीलाई इलाका प्रहरी कार्यालयबाट खटिएका प्रहरीले समाचार संकलनमा रोक लगाउँदै दुर्व्यवहार गरेका थिए ।

सुत्केरीको मृत्युजस्तो संवेदनशील विषयमा समाचार संकलनका लागि जुटेका पत्रकारमाथि प्रहरीले गरेको यो हर्कत अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रताविरोधी काम हो । संविधानले सुनिश्चित गरेको पत्रकार अधिकार र नागरिको सुसूचित हुने अधिकारमाथि आघात पुऱ्याउने यस्ता कार्यमा संलग्नलाई तत्काल कारबाहीको दायरामा ल्याएर पत्रकारलाई निर्वाध र सुरक्षित रूपमा प्रेस स्वतन्त्रताको उपभोगको वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org